नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश नेपाल

सूचना.नं. ७७-०८२/०८३


## योजना सम्झौता गर्न आउने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१०/२०)

प्रस्तुत विषयमा यस नौकुण्ड गाउँपालिकाको आ.व. २०८२/८३ मा स्वीकृत वडास्तरीय/पालिकास्तरीय योजना तथा कार्यक्रमहरु सञ्चालन र कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम गर्न गराउन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. नौकुण्ड गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६ अनुसार उपभोक्ता समिति गठन तथा सञ्चालन गर्नुपर्नेछ ।

२. आयोजना सम्झौताको लागि आवश्यक सम्पूर्ण कागजात संलग्न गरि कार्यालयमा पेश गर्नुपर्नेछ ।संस्थागत रुपमा पूर्वाधार निर्माणको हकमा सम्बन्धित जग्गाको सुनिश्चतता भएको कागजात (जग्गाधनी प्रमाण पूर्जा) अनिवार्य पेश गर्नुपर्नेछ।

३. योजना सञ्चालनको लागि योजना सम्झौता किताब लागु गरिएको हुदाँ सो किताब सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।योजना किताबमा उल्लेखित कागजात तथा प्रकृया बमोजिम नै आयोजना सञ्चालन तथा फरफारक गर्न गराउनुपर्नेछ।

४. **मिति २०८२ फागुन २० गते** भित्रमा सम्पुर्ण विनियोजित योजना तथा कार्यक्रमहरु सम्झौता गरिसक्नु पर्नेछ ।योजना सम्झौता गर्दा गाउपालिकाको प्रविधिक शाखावाट खटाइएको प्राविधिकबाट योजना सञ्चालन गर्ने स्थानको अनुगमन गरि/गराइ प्राविधिक लागत अनुमान तयार गर्नुपर्नेछ।

५. योजनाबाट प्रत्यक्ष लाभ लिने उपभोक्ताहरुको आम भेला गरि बस्तीस्तरमा उपभोक्ता समिति गठन गरि योजना सम्झौता गर्न आउदा उक्त भेलासहितको फोटो एवं योजना सञ्चालन हुने कार्यस्थलको फोटो अनिवार्य पेश गर्नुपर्नेछ ।

६. प्राविधिक लागत अनुमान, सम्झौता तथा कार्यदिश बिना कार्य गरेमा भुक्तानी दिन यस कार्यालय बाध्य हुने छैन।

७. **मिति २०८३ जेठ मसान्त** भित्र भुक्तानीको लागि आवश्यक कागजात पेश गरि सक्नुपर्नेछ।

८. स्वीकृत आयोजनामा खटिएको भनि डोर हाजिरमा उल्लेखित श्रमिकहरुको नागरिकता, राष्ट्रिय परिचयपत्रको नं. स्पष्ट बुझिने/देखिने प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ।

९. उपभोक्ता समिति गठन भई योजना कार्य गर्दा योजनाको प्रकृति बमोजिम हेभि इक्विपमेन्टको प्रयोग गर्नुपर्ने भएमा प्राविधिकको सिफारिस अनिवार्य लिनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

.............................

(सुर्य बहादुर तामाङ)

प्रमुख प्रशासकीय अधिकृत